# हुप्सेकोट गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

झ्यालबास, नवलपरासी (ब.सु.पूर्व)

गण्डकी प्रदेश, नेपाल

स्थापना:- २०७३

प.सं.: २०७९।०८०

च.नं.:

मिति: २०८०।०२।१६

सूचना ! सूचना !! सूचना !!!

प्रस्तुत विषयमा यस हुप्सेकोट गाउँपालिका गाउँकार्यपालिकाको मिति २०८०।०१।०५ गतेको बैठक र यस कार्यालयको मिति २०८०।०२।१२ गतेको निर्णयानुसार चालु आ.व. २०७९।०८० मा यस हुप्सेकोट गाउँपालिका अन्तर्गत निम्न खोलाबाट नदीजन्य पदार्थ (ढुंगा, गिट्टी र बालुवा) को तपसिल बमोजिमको सर्त बमोजिम संकलन, उत्खनन र बिक्री गर्ने निर्णय भएको हुँदा तपसिल बमोजिमको अवधिका लागि उक्त खोलाबाट गाउँपालिकाको रसिद प्रयोग गरी अमानतमा नदीजन्य पदार्थको बिक्री हुने हुँदा सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको व्यहोरा निर्णयानुसार अनुरोध छ।

तपसिल:-

१. यस हुप्सेकोट गाउँपालिकाको वडा नं १ स्थित पत्थर खोलाको लागि गाडी प्रवेश गर्ने नाका पत्थर खोला पक्की पुल र निस्कने नाका हुप्सेकोट गा.पा. र कावासोती न.पा. को सिमाना रहने गरी मिति २०८०।०२।१७ गतेदेखि २०८०।०२।२३ गते सम्म विहान ६.०० बजेदेखि बेलुका ६.०० बजे सम्म मात्र नदीजन्य पदार्थ बिक्रीको कार्य सञ्चालन गरिनेछ । अवधि थप हुने भएमा अर्को सूचना प्रकाशित गरिनेछ ।

२. गाउँपालिकाबाट स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण (IEE) मा उल्लेखित नदीको धार परिवर्तन नहुने गरी र तोकिएको गहिराई भन्दा बढी नहुने गरी लगायतको मापदण्ड भित्र रहेर नदीजन्य पदार्थको संकलन र उत्खनन गरी लिई जाने कार्य ईच्छुक व्यवसायी वा व्यक्ति स्वयंले गर्नुपर्नेछ । यसरी संकलित पदार्थको प्रति मालबाहक गाडीको तपसिल बमोजिमको दरमा गाउँपालिकाबाट खटिएका जनशक्तिले रसिद मार्फत् राजश्व संकलन गर्ने व्यवस्था मिलाइएको छ ।

तपशिल:-

| सि.नं. | मालबाहक गाडीको नाम | सामाग्रीको परिमाण | प्रति मालबाहक गाडीको शुल्क ढुंगाको लागि- रु | प्रति मालबाहक गाडीको शुल्क रोडा, गेग्रान र बालुवाको लागि- रु | कैफियत |
|---|---|---|---|---|---|
| १ | प्रति ट्रिपर | ४२४ घन फिट | ४८०० | ३३६० | |
| २ | प्रति मिनि ट्रिपर | २७० घन फिट | ३०५० | २१३५ | |
| ३ | प्रति ट्रयाक्टर | ९५ घन फिट | १०७५ | ७५० | |
| | अन्य | | गाउँपालिकाबाट खटिएको प्राविधिकले निर्धारण गरे बमोजिम हुनेछ। | | |

प्रमुख प्रशासकीय अधिकृत

प.सं.: २०७९।०८०
च.नं.:
मितिः २०८०।०२।१६

३. यस सूचना बमोजिम शुल्क बुझाएर ढुवानी गर्ने व्यवसायी वा व्यक्तिले मालबाहक गाडीबाट सामाग्री छोपेर ढुवानी गर्ने, सीमित गतिमा गाडी चलाउने, पिच सडकमा पानी नचुहिने व्यवस्था मिलाउने र प्रेसर हर्न नबजाउने व्यवस्था मिलाउनु पर्नेछ।

४. यस सूचना बमोजिम शुल्क बुझाएर नदीजन्य पदार्थ ढुवानी गर्ने व्यक्तिको हकमा यसरी शुल्क बुझाए बराबरको परिमाणको सामाग्रीको यस गाउँपालिका क्षेत्र भित्र ढुवानी गर्ने काममा मात्र गाउँपालिकाले सहजीकरण गर्नेछ। तर निर्माण कम्पनी तथा सप्लायर्सको हकमा नियमानुसारको दस्तुर तिरी संकलन गर्न सकिनेछ र संकलन भएको नदीजन्य पदार्थ Dumping भएको ठाउँबाट नापी गरी प्रमाणित परिमाणको भ्याट बिल काटी सप्लाई गर्न सक्नेछ।

२०८०/०२/१६

नि.प्रमुख प्रशासकीय अधिकृत